# मौलिक चलचित्रमा भविश्य बनाउन चाहने व्यक्ति वा संस्थालाई अवसर

**दोश्रो पटक सुचना प्रकाशित मिति २०८१/०७/२१**

मौलिक चलचित्र निर्माण तथा सहयोग कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि २०८१ बमोजिम मिति २०८१/०७/०५ मा पहिलो पटक प्रकाशित सूचनाको अवधिमा चाडपर्व परेकोले केहि बिषयमा पर्याप्त आवेदन पर्न नसकेको देखिएको हुँदा कार्यविधिको दफा ५ बमोजिमको समितिले चलचित्र क्षेत्रमा आफ्नो भविश्य बनाउन चाहने बागमती प्रदेशको बासिन्दा वा पाँच वर्षदेखि बागमती प्रदेशमा क्रियाशिल व्यक्ति वा संस्थाले यो सुचना प्रकाशन भएको मितिले ७(सात) दिन म्याद थप्ने निर्णय गरेकोले देहायका बिषयमा सो अवधि भित्र प्रस्ताव वा आवेदन कार्यालयको ठेगानामा पठाउनु हुन अनुरोध गरिन्छ।

| कार्यक्रम | विवरण | कार्यविधि |
|---|---|---|
| चलचित्र निर्माण | वैशाख मसान्तभित्र छायाङ्कन गरी निर्माण गर्न सक्ने, बागमती प्रदेशको मौलिकपना, संस्कृति, पर्यटन र सामाजिक सदभावमा यागदान पुऱ्याउने चलचित्र निर्माण गर्न चाहने चलचित्र निर्माताले चलचित्रले दिन खोजेको स्पष्ट सन्देश पटकथामा खुल्ने गरी प्रस्ताव पेश गर्न सक्नेछन। | अनुसूची-१को ढाँचामा कार्ययोजना पेश गर्न सक्नेछन। |
| पटकथा लेखन कार्यशाला | पटकथा लेखन कार्यशालामा सहभागी भई लघु चलचित्र निर्माण गर्न चाहने व्यक्तिले प्रस्ताव पठाउन सक्नेछन। | कार्यविधिको दफा ८ बमोजिमको नम्बर प्राप्त गर्ने गरी अनुसूची-२ को ढाँचामा प्रस्ताव पठाउन सक्नेछन। |
| चलचित्र एप्रिशिएसन कार्यशाला | चलचित्रलाई ग्रहण गरी समीक्षा गर्न चलचित्र एप्रिसियसन कार्यशालामा सहभागी हुन चाहने व्यक्तिले आबेदन पठाउन सक्नेछन। | कार्यविधिको दफा १० बमोजिम अनुसूची-३ को ढाँचामा आवेदन पठाउन सक्नेछन। |
| अभिनय कार्यशाला | कम्तिमा एसइई उर्तिण गरेका व्यक्तिले अभिनयकला सम्बन्धी सीप सिक्न आवेदन पठाउन सक्नेछन। | कार्यालयको वेबसाइटमा रहेको निवेदनको ढाँचामा आवेदन पठाउन सक्नेछन। |
| चलचित्र सहयोग कार्यक्रम | वागमती प्रदेशमा छायाङ्कन गरी निर्माण गरिएका वा वागमती प्रदेशको कथावस्तुमा आधारित चलचित्र अन्तराष्ट्रिय महोत्सवमा छनौट भई सहभागिता जनाएका वा जनाउन चाहने चलचित्र निर्माताले प्रस्ताव पठाउन सक्नेछन। | अनुसुची-५ बमोजिमको सहयोग पाउन कार्यविधिको अनुसूची -४ बमोजिमको ढाँचामा प्रस्ताव पठाउन सक्नेछन। |
| चलचित्र निर्माण विद्यार्थी कार्यक्रम | श्रव्यदृश्य तथा चलचित्र निर्माण सम्बन्धी आधारभुत सीप सिक्न चाहने सामुदायिक बिद्यालयमा कक्षा ९ र कक्षा ११ मा अध्ययनरत बिद्यार्थी र सामाजिक बिषय अध्यापन गराउने शिक्षकले आवेदन दिन सक्नेछन्। | अविभावकको सहमतिपत्र र सम्बन्धित बिद्यालयको सिफारिसका आधारमा कार्यालयको वेवसाइटमा राखिएको निवेदनको ढाँचामा आवेदन पठाउन सक्नेछन। |


**आवेदन वा प्रस्ताव पठाउने ठेगाना**

**सञ्चार रजिष्ट्रारको कार्यालय**

**बागमती प्रदेश, हेटौडा, मकवानपुर नेपाल**

website - https://cro.moial.p3.gov.np/

**सम्पर्क काठमाडौ उपत्यका कार्यालय ०१-५४२०४४७ (जावलाखेल ललितपुर)/ ०५७-५२०२५० (हेटौडा मकवानपुर)**

**Email :** admin.cro@bagamati.gov.np